भूमे गाउँपालिका

# आर्थिक विधेयक, २०७९

भूमे गाउँपालिका

रुकुम (पूर्व)

**गाउँसभामा प्रस्तुत मितिः २०७९।०३।१०**

**गाउँसभाबाट पारित मितिः २०७९।०३।१९**

# भूमे गाउँपालिकाको आर्थिक विधेयक,२०७९

**गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भूमे गाउँपालिका गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भूमे गाउँपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ ।
   (२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि भूमे गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् गाउँपालिकाको सञ्चित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोनिङ लगायतका सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **फोहरमैला व्यवस्थापन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहरमैला व्यवस्थापन गर्न अनुसूची १४ मा उल्लिखित दरमा फोहरमैला व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१६. **कर छुटः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

तर,

घाइते, अपाङ्गता भएका व्यक्ति, अति विपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको रकम छूट दिइनेछ ।

(२) विगतमा तिर्न बुझाउन बाँकी कर तथा शुल्क असोज मसान्तभित्र एकमुष्ट बुझाउन आउने करदातालाई २५% कर छूट दिइनेछ ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १

सम्पत्ती कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु./वर्ष) |
|---|---|---|---|
| १ | पक्की घर | RCC ढलान घर | २० |
| २ | पक्की घर | माटो र ढुङ्गाले बनेको तर प्लाष्टर गरिएको | १५ |
| ३ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, सिलेट/ढुङ्गाले छाएको | १० |
| ४ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, जस्ता पाताको छाना भएको | १० |
| ५ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, खरको छाना भएको घर | ५ |

एकीकृत सम्पत्ति कर लागू भएमा सोही बमोजिम हुने ।

## अनुसूची २

भूमि कर (मालपोत)

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु./वर्ष) |
|---|---|---|---|
| १ | जग्गा रजिष्ट्रेशन शुल्क | | ४.००% |
| २ | मालपोत कर | अब्बल (५०० ब.मि.) | २० |
| | | दोयम (५०० ब.मि.) | १५ |
| | | सीम (५०० ब.मि.) | १२ |
| | | चाहार (५०० ब.मि.) | १० |
| ३ | जग्गा दाखा | कूल मूल्यको | |

नोटः २ वर्षभन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%, ५ वर्षभन्दा बढी समय कर नबुझाउनेलाई ३५%, र ८ वर्षभन्दा लामो समय कर नबुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ। तर आ.व. २०७४/०७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साविककै नियम र दर रेट अनुसार लाग्नेछ।

## अनुसूची ३
## बहाल कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | बहाल कर | कोठा वा घरभाडाको | १०% |
| घर बहाल करका लागि विभिन्न घर/ग्यारेज/घुम्तीको प्रति कोठाको न्यूनतम भाडा दर (रुपैयाँमा) देहाय बमोजिम हुनेछ। | | | |
| क | "क" श्रेणीका मुख्य बजार क्षेत्र खाबाङबगर | आवास | ८०० |
| | | पसल/व्यवसाय | १५०० |
| | | ठूलो घुम्ती/ढेपली | १२०० |
| | | सानो घुम्ती /ढेपली (एक सटर वा सो भन्दा सानो आकार) | १००० |
| ख | "ख" श्रेणीका मुख्य बजार क्षेत्रमा दोमही, सिसाघारी, त्रिवेणी बजार, लुकुम जल बजार क्षेत्र वरिपरि | आवास | ५०० |
| | | पसल/व्यवसाय | १००० |
| | | ठूलो घुम्ती/ढेपली | १००० |
| | | सानो घुम्ती /ढेपली (एक सटर वा सो भन्दा सानो आकार) | ५०० |
| ख | "ख" श्रेणीका अन्य मुख्य बजार क्षेत्र (बालुवा बजार, महत बजार, चुनबाङ गैरीगाउँ बजार) | आवास | ४०० |
| | | पसल/व्यवसाय | १००० |
| | | घुम्ती /ढेपली | ३०० |
| ङ | अन्य | ग्यारेज | १००० |
| | | घुम्ती /ढेपली | २०० |

## अनुसूची ४
## व्यवसाय कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु./वर्ष) |
|---|---|---|---|
| १ | गल्ला/किराना पसल | गल्ला किराना सामानको कारोबार | ३००० |
| | | ढ्याप्ली तथा खुद्रा कारोबार | १५०० |
| २ | कपडा/फेन्सी/जुत्ता चपल/ब्याग/कस्मेटिक पसल | कपडा/फेन्सी/जुत्ता चप्पल/ब्याग/कस्मेटिक सामाग्रीको कारोबार | ३००० |
| ३ | लेडिज/जेन्स पार्लर/सैलुन व्यवसाय | पार्लर तथा कपाल काट्ने व्यवसाय | १५०० |

| | | | |
|---|---|---|---|
| ४ | होटल व्यवसाय | लजिङ फुडिङ सेवाको होटल | ३००० |
| | | खाना, चिया, नास्ता होटल | १५०० |
| | | चिया, नास्ता पसल | १००० |
| ५ | फोटो स्टुडियो | सबै खाले | १००० |
| ६ | बधशाला | | ३००० |
| ७ | उद्योग | क्रसर उद्योग | १०००० |
| | | ग्रिल उद्योग | ३००० |
| | | काष्ठ/फर्निचर (साना पूँजी) | ३००० |
| | | कागज उद्योग | २५०० |
| ८ | ढुंगा तथा गिट्टी बालुवा बिक्री | प्रति ट्रिप | ५०० |
| ९ | सिलाइ कटाई | टेलरिङ सुविधा | ३००० |
| | | साधारण सिलाई कटाई | १००० |
| १० | मदिरा पसल | वितरक | ८००० |
| | | थोक बिक्रेता | ५००० |
| | | खुद्रा | १५०० |
| ११ | औषधी/एग्रोभेट/आयुर्वेदिक औषधी पसल | औषधी/एग्रोभेट/आयुर्वेदिक औषधी वस्तुको कारोबार | २५०० |
| १२ | स्वास्थ्य | मेडिकल पसल, फार्मेसी | ५००० |
| | | पोलिक्लिनिक | १०००० |
| | | सामुदायिक अस्पताल | १५००० |
| १३ | इलेक्ट्रोनिक पसल (मोबाइल,घडी,अडियो,भिडियो आदि) | इलेक्ट्रोनिक सामग्री (मोबाइल,घडी,अडियो,भिडियो आदि) को कारोबार | ३००० |
| १४ | इलेक्ट्रोनिक व्यवसाय (हाउस वायरिङ समेत) | इलेक्ट्रोनिक व्यवसाय (हाउस वायरिङ समेत) को कारोबार | २००० |
| १५ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प (साधारण बिक्रेता) | ५००० |
| | | प्याक्ट बिक्रेता | ३००० |
| | | ग्याँस सिलिण्डर सब डिलर | ३००० |
| | | मट्टितेल मात्र बिक्री | १५०० |
| १६ | हार्डवेयर/मेशिनरी/स्यानिटरी/मार्बल/स्टिल/ आल्मुनियम पसल | हार्डवेयर/मेशिनरी/स्यानिटरी/मार्बल/स्टिल/ आल्मुनियमको कारोबार | ३००० |
| १७ | भाँडा पसल (सबै खाले) | सबैखाले भाँडा पसल | २००० |
| १८ | स्टेशनरी तथा पुस्तक पसल | स्टेशनरी तथा पुस्तकको कारोबार | १००० |

| | | | |
|---|---|---|---|
| १९ | पार्किङ व्यवसाय | सबै खाले | १५०० |
| २० | फलफूल तथा तरकारी पसल | तरकारी तथा फलफूलको कारोबार | ६०० |
| २१ | पानी घट्ट तथा बिजुली मिल | ६ महिनाभन्दा कम चल्ने | ५०० |
| | | ६ महिनाभन्दा बढी चल्ने | १००० |
| | | | |
| २२ | वित्तीय संस्था | वित्तीय संस्था/बैंक | ५००० |
| | | बहुउद्देश्यीय सहकारी | २५०० |
| | | बचत तथा ऋण र अन्य सहकारी संस्था | १५०० |
| | | कृषिसम्वद्ध विषयगत सहकारी | १००० |
| | | विनियम संशोधन स्वीकृति/कार्यक्षेत्र विस्तार (छुट्टाछुट्टै) | ५०० |
| | | संघसंस्थाबाट माग भए बमोजिम राय | ३०० |
| | | सहकारी संस्था एकीकरण र विभाजन | ५०० |
| | | लेखापरीक्षक नियुक्ति समर्थन | ५०० |
| | | दर्ता खारेजी (व्यवस्था बाहेक थप) | ५०० |
| | | मनि ट्रान्सफर, लघु वित्त | १००० |
| २३ | निजी शैक्षिक संस्था दर्ता | प्रति कक्षा रु.३००० का दरले ३ वटा सेक्सन कक्षा सम्मको | १५००० |
| २४ | शैक्षिक संस्था (निजी) कक्षा थप | प्रति कक्षा संख्या | २००० |
| २५ | शैक्षिक संस्था कक्षा थप (सामुदायिक) | प्रति कक्षा संख्या | १००० |
| २६ | मिल | कुटानी/पिसानी | १००० |
| | | पेलानी | १५०० |
| २७ | सुनचाँदी पसल | गरगहना निर्माण तथा खरिद बिक्री | २५०० |
| २८ | मर्मत पसल | मोटर पार्टस बिक्री तथा मर्मत | १५०० |
| २९ | फ्रेस हाउस | खाबाङबगर क्षेत्र | २००० |
| | | अन्य क्षेत्र | १००० |
| ३० | पेन्टर पसल | पेन्टिङ/साइन बोर्ड लेख्ने काम | २००० |
| ३१ | परामर्श सेवा कम्पनी | विविध कन्सल्टेन्सी दर्ता/नवीकरण | ५००० |
| ३२ | निर्माण व्यवसाय | "घ" वर्गको निर्माण व्यवसायी दर्ता शुल्क | १५००० |
| | | निर्माण व्यवसाय सूचीकृत/नवीकरण | ५००० |
| | | दर्ता प्रमाणपत्र प्रतिलिपी | १००० |
| ३३ | पुल हाउस व्यवसाय | पुल हाउस लगायतका व्यवसाय | ५००० |

| | | | |
|---|---|---|---|
| ३४ | नर्सरी दर्ता/नवीकरण | | १००० |
| ३५ | निजी वन दर्ता | प्रति वर्ग फिट | २ |
| ३६ | झोला कुम्लाको व्यापारी | पटके शुल्क प्रति कुम्ला (रसिद अनिवार्य गाउँपालिकाभर १५ दिनसम्म लागू हुने) | १००० |
| | | कपडा बाहेकका पटके शुल्क प्रति कुम्ला (रसिद अनिवार्य गाउँपालिकाभर १५ दिनसम्म लागू हुने) | ३०० |
| ३७ | अन्य नतोकिएको व्यवसाय | यस ऐनमा उल्लेख भए बाहेक | ३००० |
| नोटः व्यवसाय दर्ता गरेपछि प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने छ।उल्लिखित दर वार्षिक नवीकरणमा समेत लागू हुनेछ । व्यवसाय दर्ता गरेर नवीकरण गर्नुपर्ने म्याद नाघेको ६ महिनाभित्र १० प्रतिशत र ६ महिनाभन्दा बढी म्याद नाघेमा प्रतिवर्ष १५ प्रतिशतका दरले जरिवाना लाग्नेछ। | | | |

## अनुसूची ५

जडिबुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | जडिबुटी निकासीका लागि सम्बन्धित निकायमा सिफारिश दस्तुर | पाँचऔंले, घोडाताप्रे, सतुवा, वन आलु लगायतका सबै प्रकारका जडिबुटीहरुको प्रचलित बजार मूल्यको | ५% |
| | भीर मौरीको मह | प्रचलित बजार मूल्यको (न्यूनतम्) | ५% |
| २ | काठ | प्रति घन फिट | ५ |
| ३ | कवाडी माल | सिसा, कागज, प्लाष्टिक प्रति किलो | ०.७५ |
| ४ | खोटो | प्रति लिटर/किलो | ५ |
| ५ | हेम धागो | प्रति किलो | ५ |
| ६ | कानुनले निषेध गरेको बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, छाला, प्वाँख | कूल मूल्यको | २.००% |

## अनुसूची ६

सवारी साधन कर

प्रदेश कानून बमोजिम

## अनुसूची ७

**विज्ञापन कर**

प्रदेश कानून बमोजिम बाहेकको अवस्थामा

सार्वजनिक स्थलमा विज्ञापन वा साइन बोर्ड राखे वापत वार्षिक

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | प्रति वर्ग फिट | ५० |
| २ | रङ्गिन विज्ञापन (फ्लेक्स) | प्रति वर्ग फिट | २५ |
| ३ | अन्य पोष्टर, पम्पलेट | प्रति वर्ग फिट | १० |

## अनुसूची ८

मनोरञ्जन कर

प्रदेश कानूनमा व्यवस्था भएको बाहेक

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | मेला महोत्सव | प्रति दिन | १००० |
| २ | खेलकूद लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम | प्रति कार्यक्रम | १००० |
| ३ | क्यारम बोर्ड | प्रति क्यारम बोर्ड | १००० |

## अनुसूची ९

बहाल बिरौटी कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | टहरा नबनाई सार्वजनिक जग्गा बहाल | (वार्षिक) प्रति वर्ग मिटर | २५ |
| ३ | टहरा बनाई सार्वजनिक जग्गा बहाल | (वार्षिक) प्रति वर्ग मिटर | १०० |
| ४ | सार्वजनिक स्थलमा ढुङ्गा गिट्टी बालुवा थुपार्न मिल्ने अवस्थामा थुपारे वापत | प्रति दिन प्रति १०० वर्ग मिटर | ५ |
| ५ | निर्माण, रेखदेख मर्मत सम्भार खर्च | अनुसूची ३ को घर बहाल करमा तोकिएको न्यूनतम् भाडा दर बमोजिम | |

एक वर्षभन्दा कम अवधीको बहालविटौरी करको हिसाब गर्दा बाह्र महिनाको दामासाही हिसाब गरेर गर्ने

## अनुसूची १०

पार्किङ शुल्क (तोकिएको पार्किङ क्षेत्रमा मात्र)

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | दुई पाङ्ग्रे सवारी साधन | | ५ |
| २ | चार पाङ्ग्रे सवारी साधन | प्रति घण्टा रु | ५ |

नोटः सरकारी सवारी साधनलाई पार्किङ शुल्क नलाग्ने ।

## अनुसूची ११

### ट्रेकिङ शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | स्वदेशी | प्रति दिन प्रति व्यक्ति | २० |
| २ | विदेशी | प्रति दिन प्रति व्यक्ति | १०० |
| नोटः स्वदेशी विद्यार्थीहरुलाई ५० प्रतिशत छूट | | | |

## अनुसूची १२

### सेवा शुल्क दस्तुर

सिफारिश र प्रमाणित शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित गर्ने | १५० |
| २ | | जन्म मिति प्रमाणित गर्ने, गराउने | १५० |
| ३ | | विवाहित प्रमाणित | २०० |
| ४ | | अविवाहित प्रमाणित गर्ने | ५०० |
| ५ | | घर पाताल प्रमाणित गर्ने | ३०० |
| ६ | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २०० |
| ७ | | जीवितसँगको नाता प्रमाणित गर्ने | १५० |
| ८ | | हकवाला वा हकदार प्रमाणित गर्ने | ५०० |
| ९ | | कागज र मन्जुरीनामा प्रमाणित गर्ने | २०० |
| १० | | जग्गा मूल्याङ्कन सिफारिश प्रमाणित गर्ने | ५०० |
| ११ | | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ० |
| १२ | | संरक्षक प्रमाणित गर्ने | १५० |
| १३ | | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५००० |
| १४ | सिफारिश शुल्क | अंग्रेजी माध्यममा सिफारिश तथा प्रमाणित गर्ने | ३०० |

| | | | |
|---|---|---|---|
| १५ | | अपाङ्गता सिफारिश | ० |
| १६ | | नाबालक परिचयपत्र सिफारिश | ५० |
| १७ | | व्यक्तिगत संरक्षक सिफारिश गर्ने | ० |
| १८ | | संस्थागत संरक्षक सिफारिश गर्ने | १५० |
| १९ | | नागरिकता सिफारिश | १५० |
| २० | | नागरिकता प्रतिलिपी सिफारिश | १५० |
| २१ | | वैवाहिक अङ्गिकृत नागरिकता सिफारिश | ५०० |
| २२ | | छात्रवृत्ति सिफारिश (विपन्न छात्रवृत्ति निशुल्क) | १५० |
| २३ | | बहाल करको लेखाजोखा सिफारिश | १५० |
| २४ | | मोही लगत कट्टाको सिफारिश | १५० |
| २५ | | घरजग्गा करको लेखाजोखा गरी सिफारिश गर्ने | २०० |
| २६ | | व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिश गर्ने | १०० |
| २७ | | मिलापको कागज गराउने निवेदन दर्ता गर्न सिफारिश गर्ने | २०० |
| २८ | | निःशुल्क स्वास्थ्य उपचार सिफारिश | ० |
| २९ | | सशुल्क स्वास्थ्य उपचार सिफारिश | १०० |
| ३० | | पुर्जामा पक्की घर कायम गर्न सिफारिश (प्रति वर्ग मि) घरले चर्चेको | ५ |
| ३१ | | पुर्जामा कच्ची घर कायम गर्न सिफारिश (प्रति वर्ग मि) | ३ |
| ३२ | | चार किल्ला सिमाना कायम/प्रमाणित | ५०० |
| ३३ | | फरक-फरक नाम, थर, जन्म मिति प्रमाणित तथा दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश | २०० |
| ३४ | | नाम, थर वा जन्ममिति संशोधनको सिफारिश | २०० |
| ३५ | | अस्थायी/स्थायी बसोबास सिफारिश | १५० |
| ३६ | | जग्गा दर्ता सिफारिश | ३०० |
| ३७ | | जग्गाधनी पूर्जा हराएको सिफारिश | २०० |
| ३८ | | कित्ताकाट गर्न सिफारिश | २०० |
| ३९ | | नामसारी गर्न सिफारिश | २०० |
| ४० | | जग्गाको हक सम्बन्धमा सिफारिश | २०० |
| ४१ | | घर बाटो सिफारिश | ३०० |
| ४२ | | घर बाटो नभएको सिफारिश | ३०० |
| ४३ | | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिश | १५० |
| ४४ | | जीवित रहेको सिफारिश | १५० |
| ४५ | | उद्योग ठाउँसारी गर्न सिफारिश | ५०० |
| ४६ | | विद्यालय खोल्न सिफारिश | १००० |
| ४७ | | सामुदायिक विद्यालयको कक्षा कोठा थप्न सिफारिश (प्रति कक्षा) | ५०० |

| | | | |
|---|---|---|---|
| ४८ | | निजी विद्यालयको कक्षा कोठा थप्न सिफारिश (प्रति कक्षा) | १००० |
| ४९ | | विद्यालय ठाउँसारी गर्न सिफारिश | ५०० |
| ५० | | पालन पोषणका लागि सिफारिश | ० |
| ५१ | | धारा जडानको लागि सिफारिश | ५० |
| ५२ | | विद्युत जडानको लागि सिफारिश | ५० |
| ५३ | | संस्था दर्ता सिफारिश | ५०० |
| ५४ | | व्यवसाय नवीकरण सिफारिश | ३०० |
| ५५ | संघ संस्था | संस्था दर्ता/नविकरण/कार्यक्षेत्र स्वीकृति सिफारिश | ५०० |
| | | टोल विकास संस्था दर्ता | ५०० |
| ५६ | | टोल विकास संस्था नवीकरण | १०० |
| ५७ | शिक्षा सम्बन्धी | कक्षा ८ को मार्कसीट प्रतिलिपी | २०० |
| ५८ | | शिक्षक सरुवा सहमति/अनुमति (मा.वि.) | १५०० |
| ५९ | | शिक्षक सरुवा सहमति/अनुमति (आ.वि.) | १००० |
| ६० | कोठा खोल्ने कार्य/ रोहबरमा बस्ने | | ५०० |
| ६१ | सर्जिमिन मुचुल्का | | ५०० |
| ६२ | योजना सम्झौता शुल्क | | ५०० |
| ६३ | योजनाको भुक्तानी/फरफारक सिफारिश | | ५०० |
| ६४ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश | | ५०० |
| ६५ | उद्योग दर्ता सिफारिश | | १००० |
| ६६ | कोर्ट फि मिनाहा सिफारिश | | ० |
| ६७ | चौपाया सम्बन्धी सिफारिश | प्रति चौपाया | ५० |
| ६८ | आयात निर्यातमा चौपाया स्वास्थ्य जाँच तथा निकासी प्रति चौपाया सिफारिश शुल्क | भैंसी/राँगो | २०० |
| ६९ | | भैंसी/राँगो (१ देखि २ वर्ष) | १०० |
| ७० | | गाई/गोरु | ५० |
| ७१ | | बाख्रा/भेडा/खसी/बोका | ५० |
| ७२ | | कुखुरा/हाँस | ५ |
| ७३ | | कुखुरा/हाँस चल्ला | १ |
| ७४ | घर नक्सा पास/नामसारी दस्तुर | नक्सा संशोधन (प्रति व.फि.) | ६ |
| ७५ | | नक्सा पास (प्रति व.फि.) | ५ |
| ७६ | | नक्सा नामसारी (प्रति व.फि.) | ३ |
| ७७ | घर नक्सा प्रतिलिपी प्रमाणित/नवीकरण | नक्सा प्रतिलिपी (प्रति व.फि.) | ३ |
| ७८ | | निर्माण म्याद थप (नवीकरण) प्रतिमहिना | २००० |
| ७९ | घर जग्गा नक्सा पास सिफारिस दस्तुर | पक्की घर | २००० |
| ८० | | कच्ची घर | १००० |
| ८१ | घर सम्पन्न सिफारिश | पक्की घर | २००० |
| ८२ | | कच्ची घर | १००० |
| ८३ | | जन्म दर्ता | २०० |

| | | | |
|---|---|---|---|
| ८४ | व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क (३५ दिनभित्र निशुल्क) | मत्यु दर्ता | २०० |
| ८५ | | विवाह दर्ता | २०० |
| ८६ | | बसाइसराइ (आउने/जाने) | २०० |
| ८७ | | सम्बन्ध बिच्छेद | २०० |
| ८८ | | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपी | ५०० |
| ८९ | न्यायिक समिति दस्तुर | निवेदन पेश गर्दा | १०० |
| ९० | | प्रतिउत्तर पत्र पेश गर्दा | १०० |
| ९१ | | मेलमिलाप दस्तुर | ५०० |
| ९२ | | नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको | ५ |
| ९३ | | न्यायिक समितिको निर्णय प्रति पृष्ठ | ५ |
| ९४ | | लिखित कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको | ५ |
| ९५ | वन पैदावार | वन पैदावार जन्य निकासी दस्तुर | ५ / क्यूफि |
| ९६ | स्थानीय स्लेट दस्तुर | बिक्री मूल्यको | २% |
| ९७ | जलस्रोत | जलस्रोत समिति दर्ता नविकरण | ३००० |
| ९८ | बैंक खाता खोल्न सिफारिश | पालिकाको योजनामा उसलाई निःशुल्क | १५० |
| ९९ | अन्य सिफारिस | | १५० |
| १०० | सूचिकृत | मौजुदा सूचीमा सूचिकृत | १००० |
| १०१ | कृषि/पशु फर्म दर्ता/नवीकरण शुल्क | बहुउद्देश्यीय फर्म | १५०० |
| | | अन्य फर्म | १००० |

## अनुसूची १३

पर्यटन शुल्क (प्रतिदिन)

| क्र.सं. | विवरण | विस्तृत विवरण (प्रति व्यक्ति) | दर (रु.) |
|---|---|---|---|
| १ | दृष्यावलोकन | स्वदेशी | ५० |
| | | विदेशी | १०० |
| २ | अध्ययन भ्रमण | स्वदेशी | ५० |
| | | विदेशी | १०० |
| ३ | पार्क/संग्रहालय अवलोकन शुल्क | स्वदेशी | २० |
| | | विदेशी | ५० |
| नोटः स्वदेशी विद्यार्थीहरुलाई ५० प्रतिशत छूट, अपाङ्ग, ज्येष्ठ नागरिक, अति विपन्न व्यक्तिलाई प्रमाणका आधारमा निःशुल्क | | | |

## अनुसूची १४

फोहोरमैला व्यवस्थापन शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (रु.) |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | होटल व्यवसाय | वार्षिक | ५०० |
| २ | पसल | वार्षिक | २०० |
| ३ | घरबाट निस्कने फोहर | वार्षिक | १०० |

तोकिएको स्थान बाहेक जथाभावी फोहर गर्ने, थुपार्ने कार्य गरेमा कानून बमोजिम थप जरिवाना गरिने ।